# विपन्न घरपरिवारका लागि निशुल्क स्वास्थ्य बिमा कार्यविधि

# २०७९

**प्रस्तावनाः**

गुर्भाकोट नगरपालिकाको समुदायमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि मुख्य चुनौतीको रूपमा विद्यमान रहेकोले विपन्न घरपरिवfर तथा आर्थिक सामाजिक रूपले समस्यामा परेका नागरिक लाई स्वास्थ्य सेवा उपभोग गर्दा आउन सक्ने आर्थिक अवरोध हटाएर गुणस्तरीय स्वास्थ्य सेवाको समतामुलक पहुच अभिवृद्धिका लागि विपन्न घरपरिवारका लागि निशुल्क स्वास्थ्य बिमा कार्यक्रममा विपन्न नागरिकलाई आवद्ध गराउँदै योगदान रकममा सहुलियत प्रदान गर्न एवं नेपालको संविधान २०७२बमोजिम नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक प्राप्तिको प्रत्याभूति गर्न बान्छनीय भएकोले गुर्भाकोट नगरपालिकाको नगर स्वास्थ्य तथा सरसफाई सेवा ऐनको दफा ४०को उपदफा १ र २ बमोजिम नगरकार्यपालिकाको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "**विपन्न घरपरिवारका लागि निशुल्क स्वास्थ्य बिमा कार्यविधि, २०७९**" रहेको छ।

(२) यो कार्यविधि गुर्भाकोट नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "**स्वास्थ्य बिमा**" भन्नाले स्वास्थ्य बिमा ऐन बमोजिमको नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवा प्राप्तीका लागि व्यक्ति एवं परिवारले गर्ने बिमा सम्झनु पर्छ ।

(ख) "**सहुलियत**" भन्नाले नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बिमामा सहभागी हुँदा बिमितले बुझाउने योगदान रकम (प्रिमियम) मा गुर्भाकोट नगरपालिकाले दायित्व बहन गर्ने रकमलाई सम्झनु पर्छ।

(ग) "**विपन्न** " भन्नाले आर्थिक तथा सामाजिक गरिबीको आधारमा गुर्भाकोट नगरपालिकाले वर्गीकरण गरी सूचिकृत गरेको आर्थिक एवं सामाजिक गरिबीको समस्या ग्रस्त परिवारलाई सम्झनु पर्छ।

(घ) **"विपन्न घरपरिवार निशुल्क स्वास्थ्य बिमा कार्यक्रम "** भन्नाले गुर्भाकोट नगरपालिकाको मिति २०७९/०२/१३ गते बसेको कार्यपालिकाको बैठकको निर्णय २ अन्तर्गत स्वीकृत विपन्न घर परिवारका लागि नि:शुल्क स्वास्थ्य बिमा कार्यक्रम सम्झनु पर्छ।

(ङ) **"योगदान रकम (प्रिमियम) "** भन्नाले नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बिमामा सहभागी हुँदा बिमितको तर्फबाट बुझाउने सबै रकम सम्झनु पर्छ।

(च) **"सेवा"** भन्नाले स्वास्थ्य बिमा ऐन २०७४ को दफा ५ बमोजिम प्राप्त हुने सम्पूर्ण स्वास्थ्य सेवालाई सम्झनु पर्छ।

(छ) **"बिमित"** भन्नाले स्वास्थ्य बिमा कार्यक्रममा सहभागी भई योगदान रकम (प्रिमियम) भुक्तानी गरेको परिवारलाई सम्झनु पर्छ।

(ज) **"बोर्ड"** भन्नाले स्वास्थ्य बिमा बोर्डलाई सम्झनु पर्छ।

(झ) **"पालिका"** भन्नाले गुर्भाकोट नगरपालिकालाई सम्झनु पर्छ।

(ञ) **"कार्यपालिका"** भन्नाले गुर्भाकोट नगरकार्यपालिकालाई सम्झनु पर्छ।

(ट) **"कार्यालय"** भन्नाले गुर्भाकोट नगरपालिका, नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ठ) **"मन्त्रालय"** भन्नाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई सम्झनु पर्छ।

(ड) **"नगरपालिका"** भन्नाले गुर्भाकोट नगरपालिकालाई सम्झनु पर्छ।

(ढ) **"नागरिक"** भन्नाले गुर्भाकोट नगरपालिकाको नागरिकलाई सम्झनु पर्छ।

(ण) **"दर्ता सहयोगी"** भन्नाले स्वास्थ्य बिमा नियमावली २०७५ को नियम १२ बमोजिम नियूक्त व्यक्ति सम्झनु पर्छ।

## परिच्छेद-२

## कार्यक्रममा आवद्धता सम्बन्धी व्यवस्था

३. **आवद्धता:**नेपाल सरकारको स्वास्थ्य बिमा नियमावली २०७५ को नियम ३ बमोजिम देहाय अनुसारको आवद्धता हुनेछ ।

(१) कार्यक्रममा सहभागीताको लागि ५(पाँच) जनासम्म सदस्य रहेको परिवारलाई एक एकाइ मानिने छ।

(२) कुनै परिवारमा पाँच जना भन्दा बढी सदस्य भएमा बढी भएजति सदस्यको हकमा प्रति व्यक्ति स्वास्थ्य बिमा नियमावली २०७५ को अनुसूची-१ बमोजिमको योगदान रकम भुक्तानी गर्ने गरी आवद्ध हुन सकिनेछ।

(३) कार्यक्रममा आवद्धता सम्बन्धी अन्य व्यवस्था स्वास्थ्य बिमा नियमावली २०७५ बमोजिम हुनेछ।

४. **आवद्ध हुने माध्यम**

(१)स्वाथ्य बिमा नियमावली २०७५को नियम ५ बमोजिमको देहायका आवद्ध हुने माध्यम हुनेछ ।

(क) दर्ता सहयोगी मार्फत

(ख) बीमा व्यवस्थापन सुचना प्रणाली मार्फत वीद्युतीय दर्ता प्रणालीबाट

(२) स्वास्थ्य बीमा कार्यक्रममा आवद्धताका लागि नेपाल सरकार वा अन्तर्गतका निकायबाट जारि गरिएको परिचय खुल्ने कुनै पनि लिखितलाई आधार मान्न सकिन्छ ।

## परिच्छेद – ३

## योगदान रकम र सहुलियत सम्बन्धि व्यवस्था

**५.योगदान रकम:**

(१) कार्यक्रममा आवद्ध हुँदा लाग्ने योगदान रकम स्वास्थ्य बिमा नियमावली २०७५ को अनुसुची १ बमोजिम हुनेछ ।

(२) योगदान रकम सम्बन्धी अन्य व्यवस्था स्वास्थ्य बिमा नियमावली २०७५ को नियम १५ को उपनियम (२), (३) , (४), (५) बमोजिम हुनेछ ।

**६.व्यहोर्ने योगदान रकम:**

(१) कार्यक्रममा आवद्धताको लागि स्वास्थ्य बिमा नियमावली २०७५ को नियम १६ को उपनियम (१) अधिनमा रही नेपाल सरकार, कर्णाली प्रदेश सरकार वा गुर्भाकोट नगरपालिकाले व्यहोर्ने योगदान रकम देहाय बमोजिम हुनेछ।

(क) प्रचलित कानून बमोजिम अति गरीबको परिचय पत्र प्राप्त परिवारको योगदान रकमको शतप्रतिशत नेपाल सरकारले (संघिय सरकारको कार्यक्रम तथा बजेट प्राप्त भएपछि मात्र )

(ख) अति अशक्त अपाङ्गता (रातोकार्ड), कुष्टरोग, एच.आइ.भी. संक्रमित, जटिल खालको क्षयरोगी (एम.डी.आर.टि.बी.) बिरामी भएका परिवारको योगदान रकमको शतप्रतिशत नेपाल सरकार वा प्रदेश सरकारले,

(ग) सत्तरी वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकको योगदान रकमको शतप्रतिशत नेपाल सरकारले,

(घ) महिला स्वास्थ्य स्वयंम सेविका संलग्न भएको परिवारको योगदान रकमको ५०(पचास) प्रतिशत नेपाल सरकारले,

(ङ) गुर्भाकोट नगरपालिमा सूचिकृत गरिएको सम्बन्धित वडाको सिफारिसको आधारमा विपन्न तथा अति विपन्न घरपरिवारको योगदान रकमको शतप्रतिशत गुर्भाकोट नगरपालिकाले,

७. **सहुलियत प्राप्त गर्न सक्ने:**(१) गुर्भाकोट नगरपालिकाले वर्गीकरण गरी सूचिकृत सम्बन्धित वडाले सिफारिस गरेका विपन्न परिवारले स्वास्थ्य बिमा गर्दा सहुलियत प्राप्त गर्न सक्नेछन।

८. **सहुलियत प्राप्त हुने प्रक्रिया:**(१) यस कार्यक्रममा सहभागी हुन चाहने नागरिक (आवेदक) हरूले स्वास्थ्य बिमा योगदान रकम सहुलियतको लागि अनुसूची १ अनुसारको आवेदन फारम भरी देहायका कागजात संलग्न गरि दर्ता सहयोगी मार्फत पेश गर्नु पर्नेछ।

(क) स्वास्थ्य बिमा नियमावलीको नियम ६ संग सम्बन्धि अनुसूची २ को बिमालेख फाराम (भरिएको),

(ख) सम्बन्धित वडा कार्यालयको विपन्नता प्रमाणित सम्बन्धी सिफारिस-पत्र,

(ग) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी।

९. **रकम उपलब्ध गराउने :**

(१) दफा ८ बमोजिम प्राप्त आवेदनहरू दफा ११ बमोजिमको पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिले जाँचबुझ गरि सूचना प्रकाशन गर्नेछ। सो सूचनामा तोकिएको समय भित्र तोकिए बमोजिमको रकम बिमा दर्ता सहयोगी मार्फत नगर कार्यपालिकाको कार्यालयबाट योगदान रकम (प्रिकियम) स्वास्थ्य बिमा बोर्डलाई भुक्तानी गरिनेछ।

(२) विपन्नताको श्रेणीका आधारमा देहाय बमोजिम योगदान रकम (प्रिमियम) मा सहुलियत वापतको रकम उपलब्ध हुनेछ।

(क) विपन्न नागरिकलाइ रु ३५०० गुर्भाकोट नगरपालिका बाट ब्यहोरिनेछ।

१०. **सहुलियत प्राप्तिको अवधी:** गुर्भाकोट नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रममा श्रोत व्यवस्थापन भएसम्म।

**११. सहुलियत प्राप्त गर्न अयोग्य परिवार** : देहायका परिवारले प्रिमियम मा सहुलियत प्राप्त गर्न सक्ने छैन ।

**क**.निबेदन दिदाका बखत निबेदकको एकाघरपरिवारका कुनै सदस्यले सरकारी,निजि वा अन्य कुनै संघ संस्था वा बैदेशिक रोजगारीमा स्थायी,अस्थायी वा करारमा रोजगारीको अवसर प्राप्त गरि आय आर्जन गरि रहेको ।

**ख**.परिवारको कुनै सदस्यले नेपाल सरकारबाट उपलब्ध हुने सामाजिक सुरक्षा ( जेष्ठ नागरिक,एकल महिला,दलित वा अपाङ्ग ) वापतको भत्ता वा नेपाल सरकार वा नेपाल

सरकारको पुर्ण वा अधिकांस स्वामित्व भएको संस्थाबाट निबृतीभरण वा बिदेशी सरकारबाट पेन्सन सुबिधा प्राप्त गरेको गरिरहेको,

**ग**.संचित आय वा पैतृक सम्पतिबाट तत्कालको खर्च आबश्यक्ता पुरा गर्न सक्ने अबस्था रहेको ।

## परिच्छेद -४

## समिति, अनुगमन, मूल्याङ्कन सम्बन्धी व्यवस्था

१२. **पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समिति :-** (१) नेपाल सरकार स्वास्थ्य बिमा नीयमावली २०७५ को नियम २६ लाई आधारमानी देहायअनुसारका पद एवं प्रतिनिधित्व रहने गरि पालिका स्तरीय स्वास्थ्य बीमा संयोजक समिति गठन हुनेछ ।

१३. **गुर्भाकोट नगरपालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समिति**

(क) नगर उपप्रमुख - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सामाजिक विकास समितिका संयोजक - सदस्य

(घ) स्वास्थ्य बीमा कार्यक्रम सम्बन्धी विशेष अनुभव वा विज्ञता हासिल गरेको सामाजिक क्षेत्रका व्यक्ति मध्ये नगर प्रमुखवाट मनोनित '२' जना - सदस्य

(ङ) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

१४. **नगरपालिकास्तरिय स्वास्थ्य बिमा संयोजन समितिका काम कर्तव्य र अधिकार :-** (१) पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछन् :

(क) स्वास्थ्य बिमा सम्बन्धी नगरपालिकास्तरीय कार्यक्रमको स्रोत व्यवस्थापन, योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनमा कार्यपालिकालाई सहयोग गर्ने,

(ख) कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन, समिक्षा, पृष्ठपोषण, सुधार एवं वीस्तार गर्ने,

(ग) स्वास्थ्य बीमा सम्बन्धी गुनासो व्यवस्थापन,

(घ) स्वास्थ्य बीमा बोर्डसंग समन्वय एवं मार्गदर्शनको कार्यान्वयन,

(ङ) प्रिमीयम सहुलीयतका लागी प्राप्त आवेदनहरु छानविन गरि निर्णय गर्ने ।

**परिच्छेद-५**

**<u>बाधा अडकाउ फुकाउ सम्बन्धी व्यवस्था तथा विविध</u>**

**१५. गुर्भाकोट नगरपालिका नगरकार्यपालिकाको कार्यालयले आवश्यक व्यवस्थापन गर्ने:** यस कार्यबिधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा गुर्भाकोट नगरपालिका नगरकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउने छ।

**१६. विविध :** यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलीत ऐन, नियमावलीमा उल्लेख भए अनुसार हुनेछ।

## "अनुसूची १" आबेदन फाराम

मिति-:२०७९   /   /

श्री वडा अध्यक्ष ज्यु,
गुर्भाकोट नगरपालिका ……वडा कार्यालय
सुर्खेत

बिषय-: सिफारिस गरि पाउँ।

महोदय,

प्रस्तुत बिषयमा सुर्खेत जिल्ला गुर्भाकोट नगरपालिका वडा नमा..................... बस्ने बर्ष..............को.................................................कि/लाई बिपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत गुर्भाकोट नगरपालिका बाट प्राप्त हुने निशुल्क प्रिमीयम रकम उपलब्ध गराई दिन बिपन्न परिवार सिफारीस गरि दिन यो निबेदन पेस गरेको छु।

निबेदक

**सलग्न कागजातहरु**

१ . नेपालि नागरिकता

२. एकाघर परिवार सख्या

३.गरीबको परिचय पत्र (उपलब्ध भएसम्म)

नाम

ठेगाना

दस्तखत

## " अनुसूची २ '' आबेदन फाराम

**बिषय :** आर्थिक रुपले बिपन्न भएको स्वघोषणा

श्री वडा अध्यक्ष ज्यु मिति

वडा न .......

गुर्भाकोट नगरपालिका

शुभाघाट सुर्खेत

महोदय,

प्रस्तुत बिषयमा सुर्खेत जिल्ला गुर्भाकोट नगरपालिका वडा न ......गाउ / टोल.................... स्थाई ठेगाना भएको उमेर ..........बर्षको नागरिकता न ............................. र सम्पर्क न....... ........................भएको म ............................ आर्थिक रुपले बिपन्न भएकोले निशुल्क स्वास्थ्य बिमा कार्यक्रममा समाबेश गरि दिन हुन यो स्वघोषणा गरेको छु ।

दस्तखत

नाम,थर